आज मिति २०८१ साल भाद्र २८ गतेका दिन दिउँसो ११ बजे यस ढोरपाटन नगरपालिकाको का.वा. नगर प्रमुख श्री धन बहादुर कायतज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपसिलबमोजिमको पदाधिकारीको उपस्थितिमा बैठक बसी देहायबमोजिमका प्रस्तावमाथि छलफल गरी निम्न निर्णय गरियो।

का.वा. नगर प्रमुख श्री धन बहादुर कायत
वडा नं. १, वडाध्यक्ष श्री बाल बहादुर घल्याल
वडा नं. २, वडाध्यक्ष श्री भेक बहादुर खत्री
वडा नं. ३, वडाध्यक्ष श्री खिम बहादुर ~~घल्याल~~ सुनार
वडा नं. ४, वडाध्यक्ष श्री टिलक पुन
वडा नं. ५, वडाध्यक्ष श्री दिपेन्द्र पुन मगर
वडा नं. ६, वडाध्यक्ष श्री उमेश कुमार बुढा मगर
वडा नं. ७, वडाध्यक्ष श्री धन बहादुर अर्दे
वडा नं. ८, वडाध्यक्ष श्री भद्रमणी सुनार
वडा नं. ९, वडाध्यक्ष श्री खिम बहादुर घर्ती मगर
कार्यपालिका सदस्य श्री विमला महत
कार्यपालिका सदस्य श्री निम कुमारी भण्डारी
कार्यपालिका सदस्य श्री तुलसरी वि.क.
कार्यपालिका सदस्य श्री खगिसरा कायत
कार्यपालिका सदस्य श्री इन्दु कुमारी सिर्पाली
कार्यपालिका सदस्य श्री नवीन शेरचन
कार्यपालिका सदस्य श्री दिलिप कुमार थापा
कार्यपालिका सदस्य श्री कुल बहादुर घल्याल
प्रमुख प्रशासकीय अधिकृत सचिव- श्री चिरञ्जिवि घिमिरे
सहयोगी कर्मचारी श्री दिपक थापाली

प्रस्तावहरू :-

१. नगरपालिका प्रशासकीय भवनको रकम विनियोजन सम्बन्धमा।
२. २नं. र ६नं. वडाको वडा कार्यालय भवन निर्माण सम्बन्धमा।
३. नगरपालिकाको खाता सञ्चालन र सूत्र स्वीकृत सम्बन्धमा।
४. उत्तरगंगा माध्यमिक विद्यालयको भवन निर्माणको म्याद थप सम्बन्धमा।

५. विविध सम्बन्धमा ।

डोरपाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुर्तिबाङ, बागलुङ गण्डकी प्रदेश, नेपाल

निर्णयहरू :-

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस डोरपाटन नगरपालिको नगर कार्यपालिकाको प्रशासकीय भवनको (निर्माणाधीन) बारेमा छलफल गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरपालिकाबाट आ.व. ०८१/०८२ को नगर सभाबाट वडा नं. २ र वडा नं. ६ को वडा भवन बनाउन बजेट विनियोजन भएकाले लागत अनुमान तयार गरी सो लागत अनुमानको ५०% बजेट/श्रोत आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेशमा माग गर्ने र बजेट माग गर्दा भवन निर्माण गर्ने जग्गाको लालपुर्जा, वडा सिफारिस, नगरपालिकाको सिफारिस, लागत अनुमान, श्रोत सुनिश्चितता पत्र सहित पठाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८१/०८२ नगर सभाले विनियोजन गरेको बजेट सुत्रमा प्रविष्टि गरी सुत्र स्वीकृत गर्ने र बजेट कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित फाँटलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस डोरपाटन नगरपालिका वडा नं. १ स्थित उत्तरगंगा नमुना मा.वि.को शैक्षिक सुधार अन्तर्गत भौतिक सुधार अन्तर्गत भवन निर्माणको ठेक्का भई निर्माण भई रहेकोमा भवनको निर्माण कम्पनी न्यू गोर्ख निर्माण सेवा गलकोट-३, हटिया बागलुङलाई विभिन्न समयमा पत्रबाट ताकेता गरी म्याद थपको लागि सम्पर्क गर्न पत्रचार गरिएकाले समयभित्र सबै प्रक्रिया प्रक्रिया पुरा गरी म्याद थप गर्न आएमा कार्तिक २३ गते म्याद थप गर्ने र सबै प्रक्रिया पुरा नगरी म्याद थप गर्न नआएमा ठेक्का प्रक्रिया खारेज गर्ने गर्ने र पुन: टेण्डर प्रक्रियामा जाने निर्णय गरियो ।

CamScanner

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिका र वडा कार्यालयहरूबाट सामानहरू खरिद गर्नका लागि देहायको खरिद इकाई समिति गठन गर्ने निर्णय गरियो।

१. प्रशासकीय अधिकृत - संयोजक
२. इन्जिनियर - "
३. जिन्सी शाखा प्रमुख - "
४. सम्बन्धित शाखाको प्रमुख - सदस्य - सचिव
(पुनश्च: माथिका संयोजक र सदस्य कुनै कारणले रिक्त वा अनुपस्थित भएमा प्रमुख प्रशासकीय अधिकृतले तोक्न गरी समितिलाई पूर्णता दिने।)

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्याङ्कन र खरिद मूल्याङ्कनका लागि देहाय बमोजिमको समिति रहने गरी गठन गर्ने निर्णय गरियो।

१. खरिद मूल्याङ्कन समिति
क. प्रशासकीय अधिकृत - संयोजक
ख. आ.ले.प. अधिकृत - सदस्य
~~ग. इन्जिनियर - सदस्य~~
घ. सब-इन्जिनियर - सदस्य सचिव

२. बोलपत्र मूल्याङ्कन समिति
क. प्रशासकीय अधिकृत संयोजक
ख. इन्जिनियर सदस्य
ग. आ.ले.प. अधिकृत "
घ. लेखा अधिकृत "
ङ. सब इन्जिनियर सदस्य-सचिव

६. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिकाभित्र सञ्चालनमा रहेका सम्पूर्ण निजि स्वास्थ्य संस्थाहरु (फार्मेसी, डेन्टलहोम, क्लिनिक, आयुर्वेद प्रा.लि., पोलीक्लिनिक) हरुलाई अनुगमन गर्ने र नियम विपरीत सञ्चालन गरेको वा दर्ता नभई सञ्चालन गरेको, भ्रमाक प्रचारप्रसार गरेको पाइएमा ढोरपाटन नगरपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन २०७९ को दफा १२ को उपदफा १ बमोजिम कारवाही गर्ने निर्णय गरियो साथै बानिया मेडिकल हल तथा क्लिनिक प्रा.लि, बुर्तिबाङ स्वास्थ्य क्लिनिक र न्यू ढोरपाटन डेन्टल होमलाई स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका २०७९ को परिच्छेद २ को दफा ५ को उपदफा ४ बमोजिम सञ्चालन अनुमति दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ५ माथि छलफल गर्दा सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण स्वीकृत पारका क्लीनिक र सरकारी अस्पतालबाहेक अन्य निजी स्वास्थ्यहरुले I V माध्यमबाट एन्टिबायोटिक प्रयोग गर्ने तथा न्याबटोजिन जस्ता शरीरलाई फाइदा नहुने वस्तुहरु बेच्न तथा प्रयोग गर्न निषेध गरियो ।

९. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिकामा सञ्चालित बुर्तिबाङ आयुर्वेद औषधालय नगरबासीको सहज रुपमा पहुँच पुग्ने स्थानमा स्थान्तरण गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आर्थिक सहायता गरिबी, विपद पीडितहरुको तत्काल सम्बोधन गर्न आर्थिक सहायता प्रदान गर्न कुनै कर्मचारीलाई पेश्की दिने र सोको लागि कार्यविधि बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

CamScanner

ढोरपाटन नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय, बागलुङ
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

११. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा वडा नं. ९, ढोरपाटन क्षेत्रमा भरखौ जर्ने हर्निमा मेलाका लागि रु.
ढोरपाटन नगरपालिकाका विभिन्न वडामा भएका तिज कार्यक्रमको लागि वडा नं. १ को महिला समूह लाई रु. वडा नं. ९ को महिला समूहलाई रु. वडा नं. ६ को महिला समूहलाई रु र अन्य वडामा भएका कार्यक्रमलाई वडाको सिफारिस र नगर प्रमुख तोक आदेशानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबिच र प्रमुख प्रशासकीय अधिकृत र शाखा, इकाई र वडा सचिव बिच कर्मचारीहरु कार्य सम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

[signatures]